**Tribhuvan Journal** Vol. 3 No. 1: 93-107, October 2024; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal.
**DOI: https://doi.org/10.3126/tribj.v3i1.70809**

# मान्छेका रङहरू कवितासङ्ग्रहमा व्यङ्ग्य

***डा.टंकप्रसाद पन्थ***
*tankapanth12@gmail.com*
*उपप्राध्यापक, नेपाली*
*त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 25 March 2024; Reviewed 20 June 2024; Revised 20 August 2024; Accepted 23 September 2024.*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख मान्छेका रङहरू कवितासङ्ग्रहको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत कवितासङ्ग्रहका लेखक कवि वनमाली निराकार हुन् । उनको यस कृतिमा मानवीय प्रवृत्तिमाथिको सघन व्यङ्ग्य पाइन्छ । रूपमा र सारमा भिन्नै चरित्र भएका मानिसहरूको यथार्थ अवस्थाको चिरफार गर्ने काम कविले गरेका छन् । विभिन्न स्वरूप र आकारका कविताद्वारा मानवीय विकृतिमाथिको कटाक्ष कृतिमा व्यक्त भएको पाइन्छ । व्यक्ति, समाज र राष्ट्रमा चुलिएका बेथितिहरूलाई मर्ममा पुग्ने गरी प्रहार गरिएकाले व्यङ्ग्यको पाटो नै सशक्त बनेर आएको पाइन्छ । कवितामा कतै सिधै त कतै व्याजस्तुतिमय शैलीका माध्यमबाट विकृतिमाथि कटु प्रहार गरिएको देख्न सकिन्छ । सामाजिक, राजनीतिक, शैक्षिक, आदि क्षेत्रमा भएका अराजक व्यवहार र छुद्रतालाई झल्काई मानिसको व्यवहारमा सुधार र परिष्कारको आग्रह गरिएको पाइन्छ । उच्चपदमा रहेकाहरूले आफ्नो मर्यादा राख्न नसकेको यथार्थलाई रोचक पाराले व्यङ्ग्य कसिएको पाइन्छ । कविले आफू बसेको समाजमा देखेभोगेका वास्तविकतालाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन् । यस लेखमा व्यक्तिका तहदेखि आम संस्कृति बनेर रहेको कामचोर प्रवृत्तिलाई प्रकाश पारिएको कुरालाई महत्त्वका साथ विश्लेषण गर्ने काम गरिएको छ । नेपाली साहित्य समालोचनामा भानुभक्तभन्दा अगाडिदेखि अस्तित्वमा रहेको व्यङ्ग्य लेखन र व्यङ्ग्यात्मक सिद्धान्तका आधारमा वनमाली निराकारद्वारा लिखित मान्छेका रङहरू कवितासङ्ग्रहमा केन्द्रित रही विश्लेषण गर्ने काम गरिएको छ । व्यङ्ग्यको आधारभूत मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा उठान गरी त्यसैका आधारमा शोध्य कृतिको विश्लेषण गरिएको छ । यस क्रममा मान्छेका रङहरू कृतिमा व्यङ्ग्यको प्रयोग कसरी भएको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही प्रस्तुत कवितासङ्ग्रहलाई व्यङ्ग्यको सैद्धान्तिक पर्याधारका पृष्ठभूमिमा विश्लेषण गरी कृतिको मूल्य निरूपण गरिएको छ । प्रस्तुत लेखमा प्रथम र द्वितीयक स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । वर्णनात्मक तथा विश्लेषणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको छ । व्यङ्ग्यसम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा अवलम्बन गरी कृतिमा निहित व्यङ्यलाई खोजी विश्लेषणका साथमा निष्कर्ष निकाल्ने काम गरिएको छ ।*

**शब्दकुञ्जी :** अकर्मण्यता, कटाक्ष, धज्जी उडाउनु, निर्मम प्रहार, परिष्कार ।

## विषयपरिचय

वनमाली निराकार नेपाली साहित्यमा परिचित नाम हो । नेपाली आख्यान र कविताका क्षेत्रमा ज्यादा कलम चलाएका निराकारले निबन्ध, समालोचना तथा अन्य विधामा पनि कलम चलाएको देख्न सकिन्छ । कवि व्यक्तित्वका रूपमा पनि यिनले आफ्नो परिचय दिएको पाइन्छ । साहित्यकारहरूसँगको सम्बन्ध सम्पर्क बढाउने क्रममा तिनीहरूसँग पत्राचार गर्नु पनि यिनको रुचिको पाटो रहेको देखिन्छ । त्यस्ता चिठीहरूलाई सङ्कलन गरी *पत्रसञ्चयन* नामको कृति पनि प्रकाशित हुनुले साहित्यिक सञ्जाल निर्माणमा पनि निराकारको चासो र योगदान रहेको कुरा प्रस्ट हुन्छ । लामो समयसम्म जन्मभूमि पाल्पामै सक्रिय निराकार पछिल्लो समयमा रूपन्देहीको भैरहवालाई कार्यक्षेत्र बनाएर साहित्य साधनामा तल्लीन छन् । आख्यानका क्षेत्रमा ज्यादा खुलेका निराकारको कविता साधनामा पनि सशक्त कलम चलेको पाइन्छ । कथा, कविता, समीक्षा, पत्ररचना लगायतका विधामा निरन्तर कलम चलाएका निराकारको प्रतिभा बहुआयामिक रहेको छ । यिनको लेखन कथामा ज्यादा व्यक्त भएको देख्न सकिन्छ । *समयको पर्खाल* (२०४६), *विवरुका कथाहरू* संयुक्त कथासङ्ग्रह (२०६५), *एउटा बस्तीको कथा* (२०७१) जस्ता एकल र संयुक्त सङ्ग्रह प्रकाशित भएको पाइन्छ । समाजको यथार्थ अवस्थालाई कथा र कवितामा उतार्ने निराकारका लेखनमा समसामयिक चेतना झल्किएको देखिन्छ । यिनका कथामा सामाजिक यथार्थको उद्घाटनका साथै मनोवैज्ञानिक प्रवृत्ति पाइन्छ । यिनका रचनाहरूमा सामाजिक विकृति र विसङ्गतिप्रतिको तीव्र प्रहार पाइन्छ । आफ्नो पचहत्तरौँ जन्मोत्सवको अवसर पारेर यिनले *मान्छेका रङहरू* (२०८०) कवितासङ्ग्रह र *नयाँ सालिकको जन्म* (२०८०) लघुकथासङ्ग्रह प्रकाशनमा ल्याएका हुन् । मानिसलाई केन्द्रमा राखेर समकालीन समाजका विद्रुप अवस्थालाई चित्रण गर्ने काम *मान्छेका रङहरू* कवितासङ्ग्रहमा गरिएको छ । प्रस्तुत लेखमा *मान्छेका रङहरू* कवितासङ्ग्रहमा प्रस्तुत मर्मलाई प्रकाश पार्ने काम गरिएको छ । मानिसमा हुर्कँदै गएको छुद्रता र निकृष्टतालाई चित्रण गरी कडा रूपमा व्यङ्ग्य प्रहार गर्नु निराकारको लेखकीय धर्म नै रहेको पाइन्छ । यसैलाई आधार मानी *मान्छेका रङहरू* कवितासङ्ग्रहमा व्यङ्ग्य केकस्तो रूपमा प्रस्तुत भएको छ ? भन्ने प्राज्ञिक प्रश्न नै प्रस्तुत लेखको मूल समस्या हो । यही समस्यामा केन्द्रित रहेर शोध्य कृतिको पाठविश्लेषण गरी निष्कर्ष निकाल्ने काम यस लेखमा गरिएको छ । *मान्छेका रङहरू* कृतिमाथि व्यङ्ग्यका पक्षबाट अध्ययन नभएकाले उक्त प्राज्ञिक रिक्ततालाई पूर्णता दिनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । व्यङ्ग्यसिद्धान्तको परिचयात्मक सन्दर्भ उठाई शोध्य कवितासङ्ग्रहमा प्रस्तुत व्यङ्ग्यका सन्दर्भहरूलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

वनमाली निराकारद्वारा लिखित *मान्छेका रङहरू* कवितासङ्ग्रहमा प्रस्तुत गरिएको व्यङ्ग्यात्मक सन्दर्भलाई खोजी विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा यो अध्ययन केन्द्रित रहेको छ । यस क्रममा वनमाली निराकारको *मान्छेका रङहरू* (२०८०) कवितासङ्ग्रहलाई प्राथमिक स्रोतअन्तर्गतको आधार सामग्रीका रूपमा सङ्कलन गरिएको छ । व्यङ्ग्यको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयको उपयोग गरी द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई आधार बनाई पाठविश्लेषण विधिका आधारमा समस्याको सम्यक समाधानको खोजी गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यो अनुसन्धान गुणात्मक र विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

मानिसले देखाउने बेढङ्गका क्रियाकलापद्वारा हाँसो जन्मिन्छ र त्यही हाँसोसँगै व्यङ्ग्य पनि जोडिएर आएको हुन्छ । हाँसोको साथमा विकृत अवस्थालाई लक्षित गरी प्रहार गर्दा व्यङ्ग्यको जन्म हुन्छ । हास्यव्यङ्ग्यको आधार एकअर्कामा निर्भर रहेको पाइन्छ । हास्यको साथमा व्यङ्ग्य जोडिएर आएको हुन्छ भने व्यङ्ग्यको मर्मलाई उल्लेख गर्दा हास वा हाँसो प्रकट हुन्छ । समानान्तर रूपमा प्रचलनमा आए पनि हास्य र व्यङ्ग्यको लक्षण र मर्म फरक रहेको पाइन्छ । हास्यको साइनो मुख्यतः संश्लेषण अर्थात् सुखात्मक यथार्थसँग हुन्छ र व्यङ्ग्यको साइनो मुख्यतः विश्लेषण अर्थात् दुःखात्मक यथार्थसँग हुन्छ । यही भिन्नताले गर्दा हास्य र व्यङ्ग्यमा ठूलो फरक हुन्छ (शर्मा, २०६६, पृ. २३८) । पूर्वीय साहित्यमा हास्य र व्यङ्ग्यलाई पर्यायका रूपमा लिइएको पाइन्छ । पूर्वीय साहित्य परम्परामा हास्यका विविध प्रकारहरूको चर्चा पाइन्छ । "हास्य र व्यङ्ग्य सहधर्मी हुन्, जहाँ हास्य छ त्यहाँ व्यङ्ग्य हुन्छ, जहाँ व्यङ्ग्य हुन्छ त्यहाँ कुनै रूपको हाँसो जरूर हुन्छ । अर्को शब्दमा भन्ने हो भने हास्य र व्यङ्ग्यमा अन्योन्याश्रय-सम्बन्ध रहेको हुन्छ" (भट्टराई, २०५४, पृ. १८९) । सारमा यी दुई सहकारीका रूपमा प्रयोग भएको पाइन्छ । हाँसोका साथमा समाजमा विद्यमान विकृतिलाई प्रहार गर्दा अभिव्यक्तिमा रोचकताका साथै घोचक प्रवृत्ति प्रकट हुन्छ । व्यङ्ग्यले व्यक्ति वा समाजमा देखिएका अमिल्दा कुरालाई उधिन्ने काम गरिएको हुन्छ । व्यक्ति र समाजका क्रियाकलापमा देखिने विकृति र विसङ्गतिमाथि उपहासात्मक शैलीमा छेड हान्दा व्यङ्ग्य कसिलो बन्न पुग्दछ (उपाध्याय, २०४९, पृ. २०४) । लक्षियत विषय वा समस्यालाई गम्भीर रूपमा उधिन्ने काम गर्दा व्यङ्ग्य प्रबल बन्न जान्छ । हास्यव्यङ्ग्यको अस्तित्व र परम्परा पूर्वीय तथा पाश्चात्य साहित्यमा लामो समयदेखि कायम रहेको पाइन्छ । पूर्वीय परम्परामा वैदिक कालदेखि गौण रूपमा र भरतको नाट्यशास्त्रमा रसको चर्चा गर्ने क्रममा हास्य रसको प्रसङ्ग उठाइएको छ । सोही क्रममा विकृति र विकारलाई हास्य रसको मुख्य कारक मानेको पाइन्छ (प्रभात, २०७०, पृ. ४४) । रोमेली ग्रिसेली सभ्यतादेखि नै पश्चिममा हास्यव्यङ्ग्यको प्रयोग हुँदै आएको पाइन्छ । हास्य र व्यङ्ग्यका आफ्नै धर्म र मर्म रहेको देखिन्छ । परस्परमा सँगै आउने तर प्रकृति भने केही फरक रहेको पाइन्छ । "पूर्वीय साहित्यमा हास्य र व्यङ्ग्यलाई भिन्नभिन्न रूपमा हेरिन्छ । पाश्चत्य साहित्यमा हास्य र व्यङ्ग्यलाई एकै ठाउँमा राखेर हेरिन्छ र नेपाली साहित्यका सन्दर्भमा पनि हास्य र व्यङ्ग्यलाई एकै ठाउँमा राखेर अध्ययन गरिएको पाइन्छ" (गौतम, २०६८, पृ. १०९) । हास्यले रोचकता ल्याउने र व्यङ्ग्यले गहिरो रूपमा कटाक्ष गर्ने काम गर्दछ । नेपाली साहित्यमा हास्य व्यङ्ग्यको इतिहास हेर्दा भानुभक्तभन्दा अगाडिबाट नै प्रयोग भएको देख्न सकिन्छ । मानवीय प्रवृत्तिमा देखिएको आडम्बर तथा निम्छरो व्यवहारलाई प्रहार गर्दा व्यङ्ग्य नै प्रभावशाली भएर आएको पाइन्छ ।

हास्यलाई भन्दा विकृति र विसङ्गतिलाई प्रहार गर्ने उद्देश्य राखिएमा अभिव्यक्ति व्यङ्ग्य प्रधान हुन जान्छ । जहाँ असङ्गति हुन्छ, व्यक्तिले आफ्नो कर्तव्य र अधिकारबाट सीमा नाघ्छ, त्यहाँ व्यङ्ग्य जन्मिन्छ । साहित्यकारले सधैँ सचेत नागरिकको भूमिका प्रस्तुत गरेको हुन्छ । उसले व्यक्तिका बोलीव्यवहार र प्रवृत्तिलाई आधार बनाएर नै कटाक्षपूर्ण शैलीमा विचारलाई प्रस्तुत गरेको हुन्छ । "व्यक्तिगत स्तरदेखि समाज र राष्ट्रमा हुर्किएका विकृति र विसङ्गतिलाई साहित्यकारले व्यङ्ग्यको अस्त्र बनाई धारिलो प्रहार गर्दा सामाजिक सुधारको चेतना पनि अभिव्यक्त भएको हुन्छ । साहित्यकारले आफू बाँचेको समाजका अमिल्दा कुरा र अकर्मण्यतालाई थिलोथिलो हुने गरी प्रहार गरेको हुन्छ" (पन्थ, २०७३, पृ. ४) । व्यङ्ग्य लेखनको प्रमुख उद्देश्य सुधार र परिष्कारको सञ्चार गराउनु हो । व्यङ्ग्यले विकृतिको भण्डाफोर गर्नुका साथै सुधारतर्फको सङ्केत पनि गरेको हुन्छ । समाजमा सुशासन, संस्कृति र आदर्श पक्षको विकास भएमा व्यङ्ग्य आफै निस्कृय हुन्छ । व्यक्ति तथा

समाजमा झाँगिएका खराब प्रवृत्तिलाई मर्ममा पुग्ने गरी छेड हान्नु व्यङ्ग्य साहित्यको काम हो । यसरी छेड हान्दा प्रस्तुतिलाई आकर्षक र रोचक बनाउन हास्यलाई उपयोग गरिएको हुन्छ । व्यक्ति तथा समाजका क्रियाकलाप तुच्छ र निन्दनीय भएमा व्यङ्ग्यले प्रहार गर्दछ । "व्यङ्ग्यपूर्ण रूपमा विसङ्गतिबाट जन्मिने तत्त्व हो । यसमा लेखकले प्रत्यक्ष रूपमा आक्रमण गरेर अप्रत्यक्ष रूपमा सुधारको सन्देश व्यक्त गरेको हुन्छ । हाम्रा दैनिक जीनमा अभेद सम्बन्ध राख्ने तत्त्वहरूसँग निहित विकृति र विसङ्गतिहरूप्रति तीव्र आक्रमण गर्दछ" (सुवेदी र शर्मा, २०४७, पृ. ढ) । व्यङ्ग्यले व्यक्ति र समाजका खराब पक्षलाई भित्तामा पुऱ्याई स्वस्थ समाज निर्माणका मार्गमा डोऱ्याउने काम गर्दछ । व्यङ्ग्यको प्रयोग भएका कृतिमा भाषिक कला र प्रस्तुतिका माध्यमबाट व्यङ्ग्यात्मकताको सिर्जना गरिएको हुन्छ । विसङ्गति र बेथितिप्रति उपहास र व्यङ्ग्य गरिने हुनाले नै यस्ता अभिव्यक्तिहरू रोचक र प्रभावकारी हुन्छन् (सुवेदी र गौतम, २०७६, पृ. ५१५) । साहित्यका विभिन्न विधामा व्यङ्ग्य सजीव रूपमा प्रस्तुत भएको पाइन्छ । व्यङ्ग्यात्मक प्रस्तुतिमा मानिसको कमजोरीलाई मसिनो गरी प्रहार गरिएको हुन्छ । सुधारको प्रत्यक्ष आग्रह नदेखिए पनि खराब प्रवृत्तिमाथि निर्मम प्रहार गरी आम रूपमा सुधारको उद्देश्य राखिएको हुन्छ ।

## नतिजा र विश्लेषण

वनमाली निराकारद्वारा लिखित *मान्छेका रङहरू* कवितासङ्ग्रह (२०८०) मा विविध प्रकृतिका कविताहरू समेटिएको पाइन्छ । फरकफरक ढाँचाका पाँचथरि कविताको सिर्जनालाई अध्ययन गर्दा निराकारको कवित्व कलाको विविध रूपरङ्ग देख्न सकिन्छ । कविताको फुटकर रूप हाइकुदेखि फुटकर आयामका कविताहरू नै यस सङ्ग्रहमा समेटिएका छन् । यस सङ्ग्रहका सबै कवितामा युगीन चेतनाको अभिव्यक्ति प्रकट भएको पाइन्छ । मानवीय खराब प्रवृत्तिको झेको झार्नेतर्फ नै कवि ज्यादा केन्द्रित देखिन्छन् । त्यसैले यस सङ्ग्रहका कविताहरूमा व्यङ्ग्यको अवस्थालाई पहिचान गर्ने काम गरिएको छ । विभिन्न उपशीर्षकमा फरक शैलीका कवितालाई समेटी सारमा विकृतिमाथि प्रहार गर्नु निराकारको प्रवृत्ति नै रहेको पाइन्छ ।

यस सङ्ग्रहका कवितामा मानिसलाई नै केन्द्र भागमा राखिएको छ । प्रकृतिका पृष्ठभूमिबाट बिम्ब तथा प्रतीकहरूको छनोट गरी मानवीय विसङ्गति र अकर्मण्यतालाई आरोपित गरिएको छ । मानिसका विविध रङ, स्वभाव र प्रवृत्तिको सजीव चित्रण कवितामा पाइन्छ । पाँच प्रकारका संरचनामा विविध स्वादका कविताहरू प्रस्तुत गरिएकाले विभिन्न रङ र बान्कीमा कविताहरू अभिव्यक्त भएका छन् । प्रकृति सापेक्ष रूपबाट मानव जीवनको चित्रण गरिएकाले प्रकृति र जीवनको तादात्म्यता प्रस्तुत शीर्षकले सङ्केत गरेको पाइन्छ । प्रेम, शृङ्गारिकता, बिछोड, सुख, दुःख, अनुकूल, प्रतिकूल, सङ्गति, विसङ्गति, साधुपन, दुष्टपन, सदाचार, भ्रष्टाचार, निकृष्ट चरित्र, मानवीय सद्भाव, मानवता, विसङ्गतिमय जीवन, अस्तित्वबोध आदि विविध कुराहरूलाई कवितामा समेटिएकाले मानिसको जीवनका यावत् पक्षलाई प्रकाश पारिएको पाइन्छ । यसबाट मानिसको जीवनका रङ्गीन झलकहरू कवितामा प्रतिबिम्बित भएको स्पष्ट हुन्छ । यति हुँदाहुँदै पनि मानवीय छुद्रता र निकृष्ट प्रवृत्तिलाई मर्ममा पुग्ने गरी प्रहार गरिएकाले व्यङ्ग्य नै कविताको मूलपाटो रहेको देखिन्छ । समग्रमा मानवीय छुद्र प्रवृत्तिमाथि प्रहार गरी शुद्धीकरणको अपेक्षाका साथमा सबै मानिसमा निष्ठा र आदर्शको आग्रह पनि गरिएको पाइन्छ । यी कुरालाई हेर्दा मानवीय जीवनका विविध रङहरूको चित्रात्मक बिम्ब प्रस्तुत भएको पाइन्छ । अभिधा र व्यञ्जना दुवै दृष्टिले शीर्षक उपयुक्त र सार्थक बन्न गएको पाइन्छ । समयअनुसार रङ बदल्ने मानवीय प्रवृत्तिलाई नै मूलभूत रूपमा सङ्केत गरिएको पाइन्छ । यस सङ्ग्रहमा समेटिएका विविध प्रकृतिका कवितामा निहित व्यङ्ग्यलाई प्रकाश पार्ने काम यस लेखमा गरिएको छ ।

## मसिना कवितामा निहित व्यङ्ग्य

पहिलो शीर्षकमा मसिना कविता भनी नामकरण गरिएको पाइन्छ । यसअन्तर्गत विविध विषय र मर्ममा आधारित चौबीसवटा कविताहरू समेटिएका छन् । यी कविताको मुख्य प्रवृत्ति मानवीय स्वभाव र क्रियाकलापमाथि व्यङ्ग्य प्रहार गर्नु हो । बुलेट शैलीमा विचारलाई प्रवाहित गर्ने काम यी कवितामा भएको छ । मानवीय संवेदनाको गहिराइमा पुगेर सूत्रात्मक रूपमा निस्किएका अभिव्यक्तिका झिल्काका रूपमा यी कविताहरू आएको पाइन्छ । प्रत्येक कवितालाई शीर्षक दिई खास मर्मलाई प्रस्तुत गरिएको पाइन्छ । यी कवितामा व्यङ्ग्य नै प्रबल बनेर आएको पाइन्छ ।

जनता भनेका

नेताहरूका

राजनैतिक खोला तर्ने

लैरा हुन्

'खोला तऱ्यो लौरो बिर्स्यो' । (निराकार, २०८०, पृ. ३)

वर्तमान समयको राजनीतिक परिदृश्यमाथि झटारो हान्ने काम माथिको पंक्तिमा गरिएको छ । जनतालाई सिँढी बनाएर राजनीतिक उद्देश्य पूरा गर्ने तर आफू सफल भएपछि जनतालाई बिर्सिने आम राजनीतिक नेतृत्वको प्रवृत्तिलाई सशक्त रूपमा कटाक्ष गरिएको पाइन्छ । जनतालाई विभिन्न आश्वासन बाँडेर जितेर जाने तर फर्केर नहेर्ने प्रवृत्तिप्रतिको गम्भीर कटाक्ष माथिको कवितामा व्यक्त भएको पाइन्छ ।

सूक्तिलाई सान्दर्भिक उक्तिमा ढालेर जीवन्त तुल्याइएको छ । बिम्ब, प्रतीक र सङ्केतहरूको प्रयोगले गर्दा थोरै शब्दमा पनि गहन विचार र मर्म व्यक्त भएको पाइन्छ । सूत्रात्मक अभिव्यक्ति, तीव्र कवित्व प्रवाह, विकृतिप्रतिको खबरदारीपूर्ण प्रहार व्यक्त भएको पाइन्छ । कविका बुझाइमा सरकार भन्नु कार चढेर राज्यको ढुकुटीमा मस्ती गर्नेहरू हुन् । तिनलाई कटाक्षपूर्ण शैलीमा यसरी प्रहार गरिएको छ :

जो जो 'सर'हरू

'कार' चढ्छन्

नेपालीहरूका लागि

ती 'सरकार' हुन्छन् । (पृ. २)

माथिको पंक्तिमा अनुप्रासका साथमा सघन व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । सरकारमा जानु भनेको आफूले मात्र सुखसुविधा लिने तर जनताको जीवनमा तात्त्विक फरक नआउने अवस्थालाई व्यङ्ग्यात्मक रूपमा कटाक्ष गरिएको छ । प्रकृति र जीवनको गहिरो सम्बन्ध, शाब्दिक सौन्दर्य र चमत्कार आदि विशेषताले कविता सशक्त बनेको पाइन्छ । मानवीय छुद्रताप्रतिको गम्भीर कटाक्ष सजीव बनेर आएकाले व्यङ्ग्य धारिलो बनेको देख्न सकिन्छ ।

## गद्य शैलीका मुक्तकमा व्यङ्ग्य

यस शीर्षकमा सोह्रवटा कविताहरू समेटिएका छन् । विविध विषय र शीर्षकको चयन गरी विचारलाई प्रवाहित गरिएको छ । यस खण्डका कवितामा प्रेमिल भाव, समसामयिक यथार्थको प्रस्तुतिका साथमा व्यङ्ग्य

सशक्त रूपमा आएको पाइन्छ । प्रेम, प्रकृति, मन तथा वेदनायुक्त विचारका साथमा जीवनको यथार्थलाई व्यञ्जित गरिएको पाइन्छ । मायालाई छाया, माछापुच्छ्रेलाई निर्वस्त्र युवती, सेती नदीलाई मस्त नवयौवना, माडीफाँटलाई हुस्सुको कपास ओढेको मानिस जस्ता बिम्बका रूपमा चित्रण गरिएको छ ।

जाडोले यति आत्तिएछ माडीफाँट
कि उसलाई फुर्सत भएनछ सिरक बनाउन
त्यसैले हुस्सुको कपासभित्र आफै पसेर
मस्त निदाएछ पुसमाघको जाडोमा
पाल्पाको माडीफाँट (पृ. १८)

प्रकृतिको मानवीकरणका साथमा व्यङ्ग्यात्मक शैली प्रस्तुत भएको पाइन्छ । मानवीय स्वभावमाथिको कटाक्ष उक्त पंक्तिमा अभिव्यक्त भएको छ । समयमा काम नगर्ने अनि प्रतिकूल परिस्थिति भोग्न बाध्य हुने मानवीय स्वभावप्रतिको व्यङ्ग्य माथिको कवितामा पाइन्छ । कवि कल्पनाको सशक्त उडान पनि यो कवितामा पाइन्छ । यस्तै प्रकृति र मानव जीवनको सम्बन्धको सजीव प्रस्तुति देख्न सकिन्छ । कवितामा प्रतिकूलताका बिचमा अनुकूलताको खोजीको सन्देश पाइन्छ । अनुप्रासीय सुझका साथमा सशक्त भाषाशैलीको प्रयोग पाइन्छ ।

मेरी मायालु अख्तियार जस्ती छ
पाइन्टको बैंक पकेटमा राखेको
विज्ञापन छापिएका कटिङ
घुसारेर भुक्क बनाएको
पर्सको विवरण पेस गर्दागर्दै पनि
बारम्बार सम्पत्ति विवरण माग्ने
नत्र कार्वाहीको धम्की दिने
मेरी मायालु ठ्याक्क अख्तियार जस्ती छ (पृ. २३)

मायालुको प्रवृत्तिलाई अख्तियारसँग तुलना गरी अख्तियारमाथि नै व्यङ्ग्य प्रहार गरिएको छ । मायालुको चरित्रलाई अख्तियारसँग दाँजी देखेभोगेका कुरालाई मार्मिक प्रहार गरिएको पाइन्छ । कार्वाहीको धम्की दिएर तर्साउने अख्तियारको प्रवृत्तिलाई पनि मसिनो गरी कटाक्ष गरिएको पाइन्छ । एउटा तीरबाट दुईवटा चरा मार्ने शैलीको झलक माथिको पंक्तिमा देख्न सकिन्छ ।

## हाइकु शैलीका कवितामा व्यङ्ग्य

हाइकु संरचनामा निर्मित अठारवटा कविताहरू यस खण्डमा समेटिएका छन् । ५-७-५ अक्षरको संरचनागत सचेतताका साथमा भावको प्रस्तुतिलाई हेक्का राखिएको पाइन्छ । प्रकृतिलाई बिम्बका रूपमा चयन गरी प्रकृतिकै पृष्ठभूमिबाट जीवनलाई छाम्ने काम गरिएको छ । यस क्रममा मानवीय स्वभावका विविध पक्षलाई कवितामा झल्काइएको पाइन्छ । समसामयिक समाजको यथार्थ अवस्थाको चित्रण, विकृति, विसङ्गतिमाथि प्रहार गरी जनचेतना जगाउने काम गरिएको छ । निराकारका हाइकुहरूमा व्यङ्ग्य चेतना सशक्त रूपमा आएको देख्न सकिन्छ । समकालीन समाजमा मक्किएर रहेका कुराहरूलाई व्यङ्ग्यात्मक पाराले प्रहार गरी प्रवृत्तिमा सुधारको आशा गरिएको पाइन्छ ।

आजका युवा

पशुपति क्षेत्रका

चकचके बाँदर (पृ. २६)

हेरेको हेर्‍यै हातमा भएका सामग्री लगिदिने बाँदरको प्रवृत्ति अनि अनावश्यक रूपमा होहल्ला मच्चाउने र मानिसलाई भ्रममा पार्ने युवाहरूमा रहेको हल्लाबाजी प्रवृत्तिको सटीक व्यङ्ग्य माथिको कवितामा व्यक्त भएको पाइन्छ ।

काम बनेन

लोकतन्त्रको बाटो

म्याउले काटेछ । (पृ. २९)

लोकतन्त्रमा शुद्धीकरण नआउनुको नियतिलाई कटाक्षपूर्ण शैलीमा व्यक्त गरिएको छ । विश्वास र अन्धविश्वासको प्रभाव पनि उक्त कवितामा व्यक्त भएको देखिन्छ । लोकतन्त्रमा अपेक्षित सुधार आउन नसकेको मर्मलाई गम्भीर कटाक्ष गरिएको पाइन्छ । लोकतान्त्रिक राज्यमा मानिसको अवस्था उठ्न नसकेको सबैमा निराशा छाएको अवस्थाप्रतिको चिन्ता पनि व्यक्त भएको पाइन्छ ।

चुनावी समयमा भित्रिएका विकृतिप्रतिको प्रहार सशक्त रहेको छ । साझा भावना हराउँदै गएको व्यक्ति स्वार्थ मात्र चुलिएको कुराका साथमा राजनीतिलाई कमाउ धन्दाका रूपमा लिने प्रवृत्तिप्रतिको सशक्त प्रहार कवितामा पाइन्छ । मानिसले टिकटका नाममा पैसा कमाउने गरेको अवस्थालाई कटाक्षपूर्ण रूपमा यसरी प्रस्तुत गरिएको छ :

फेरि चुनाव

पैसा कमाउनु छ

भाउ तोक्दै छु । (पृ. ३१)

संविधान निर्माणको चटारो, महङ्गीको मार, मौसमी अवस्था जस्ता भावलाई कवितामा प्रकाश पारिएको छ । संविधान नबन्दाको सकसलाई सटीक रूपमा चित्रण गरिएको छ । मानवीय मूल्यमा आएको ह्रास अनि बढ्दै गएको स्वार्थी प्रवृत्तिमाथि राम्ररी छेड हान्ने काम गरिएको पाइन्छ । विचारलाई सूत्रमा बाँध्ने कला पनि कविमा रहेको छ ।

खेत रोपियो

मंसिरमा फल्छ कि

हाम्रो संविधान ! (पृ. ३२)

प्रकृतिलाई आधारभूमि बनाई सामाजिक राजनीतिक अवस्थाप्रति मर्ममा पुग्ने गरी प्रहार गरिएको पाइन्छ । संविधान नबन्नुको आशंका र आशाको सङ्केत माथिको पंक्तिमा अभिव्यक्त भएको पाइन्छ । राजनीतिक अवस्थाले खडा गरेको विसङ्गतिको प्रहार सघन रूपमा पाइन्छ । राजनीतिमा शुद्धीकरण नआउँदा सबै क्षेत्र अस्तव्यस्त भएको निचोड कवितामा पाइन्छ ।

**रुवाइ शैलीका मुक्तकमा व्यङ्ग्य**

यस खण्डमा पैंतीसवटा कविताहरू समावेश भएका छन् । मुक्तक चार हरफमा रचिने पहिलो, दोस्रो र चौथो हरफमा अनुप्रास मिलेर आउनुपर्ने तेस्रो हरफ चाहिँ स्वतन्त्र हुने संरचनागत विधानलाई पछ्याएर लेखिएको पाइन्छ । मुक्तक स्वतन्त्र संरचना भएकाले यी मुक्तकहरू पनि विविध विषयमा संरचित भएको पाइन्छ । यस प्रकृतिका रचनामा व्यङ्ग्य सघन बनेर आएको देखिन्छ । विषयलाई यसरी उठान गरी मर्ममा प्रहार गरिएको छ :

नेपालको योजना विद्यार्थीका कपी र कलमजस्तो छ
चौतारीमा बसेर गँजडीहरूले चुटेको गफजस्तो छ
धैरैले धेरै कुरा गर्छन् तैपनि हालत उस्तै छ महासय
नेपालमा विकास ठ्याक्कै घाँटीमा अड्केको कफजस्तो छ । (पृ. ३६)

नेपालका योजनाहरू योजनाविहीन र होचुवाका भरमा निर्माण हुने अवस्थाप्रतिको प्रहार माथिको मुक्तकमा व्यक्त भएको पाइन्छ । गम्भीर रूपमा समीक्षा गरी अवस्था र क्षमताअनुरूप योजना नबन्नुले केटौलेपन देखिएको प्रति सशक्त व्यङ्ग्य गरिएको छ । हाम्रा चालचलन, मनोवृत्ति र संस्कारमा आएको स्खलनप्रति धज्जी उडाउने काम गरिएको छ ।

भोक, रोग, विपत्ति, गरिबी, विवशता, महङ्गी, समयले दिएको चुनौती, परिश्रम, सङ्घर्ष, भ्रष्टाचार आदिको झलक यी मुक्तकमा पाइन्छ । नेपालीहरूको अवस्थालाई राम्ररी छाम्ने काम पनि कविले गरेको पाइन्छ । कर्णालीको भोक, रोग र गरिबीको चित्रण यसरी गरिएको छ :

निधारमा टाँस्ने चामल जम्मा गरी गरी
कर्णालीतिर दिन पाए बोरा भरीभरी
एक छाक भात खान्थे होलान् मानी दशैं तिहार
खुसियाली देखिन्थ्यो कि तिनको आँतभरि । (पृ. ३८)

देशमा असमानता र विभेद कायम रहेको मर्मलाई कटाक्षपूर्ण शैलीमा प्रहार गरिएको छ । राज्यले कर्णालीको दशा र मर्मलाई बुझ्न नसकेको यथार्थलाई व्यङ्ग्यात्मक पाराले झल्काउने काम गरिएको छ । संस्कृतिका नाममा भएका फजुल खर्च रोकेर पनि कर्णालीका जनतालाई चाड मनाउने व्यवस्थासम्म गरेहुन्थ्यो भन्ने मर्म व्यक्त भएको पाइन्छ । साहित्यिक तथा अन्य समारोहमा जाने र पूर्णकालीन समय नबस्नेहरूप्रति यसरी विमति प्रकट गरिएको छ :

उद्घोषकले मलाई पनि मञ्चमै बोलाएहुन्थ्यो
मेरो पनि काम थियो चाँडै जान पाएहुन्थ्यो
ढिलो आई चाँडै गए ठुलो मान्छे होइन्छ रे
अलि धेरै श्रोतासँगै मेरो नाम आएहुन्थ्यो । (पृ. ३९)

विशेष गरी साहित्यिक सभाहरूमा देखिने प्रवृत्तिलाई धारिलो व्यङ्ग्यवाण हानिएको छ । पछिबाट आउने आफ्नो प्रस्तुति सकिएपछि हिँडिहाल्नेहरूप्रतिको असन्तुष्टि व्यक्त भएको पाइन्छ ।

हिजो अस्ति गर्दैथिए सानोतिनो कारोबार त्यहाँ
सुन्दै छु जमाउँदै छन् आफ्नो ठुलै घरबार त्यहाँ
निकै फुर्तीफार्ती छ रे उनको अचेल शहरमा
के गरेर कमाए कुन्नि ठड्याउँदै छन् रे दरबार त्यहाँ ! (पृ. ४२)

पछिल्लो समयमा मानिस रातारात धनी हुने प्रवृत्तिमाथिको कटाक्ष माथिको कवितामा व्यक्त भएको पाइन्छ । हिजो गिठा खानेहरू रातारात धनाढ्य बन्न पुगेको अवस्थालाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । फुर्तीफार्तीका साथ सहरमा दरबार ठड्याउनेहरूको स्रोत के हो भन्ने प्रश्न पनि गम्भीर रूपमा उठाइएको पाइन्छ । वर्तमानको तितो यथार्थको प्रस्तुति कवितामा यसरी व्यक्त भएको छ :

कुखुरा पाल्थ्यो अचेल कुकुर पाल्न थालेछ
बालुवा चाल्थ्यो अचेल गोटी चाल्न थालेछ
मान्छे त चिनेजानेकै हो सोझो थियो
रूख ढाल्थ्यो अचेल मान्छे ढाल्न थालेछ । (पृ. ४८)

हिजो सामान्य जीवनशैलीमा बाँचेकाहरूमा आकस्मिक परिवर्तन आएको विषयका साथमा आफ्नो औकात र धरातल बिर्सिनेहरूप्रति सघन रूपमा प्रहार गरिएको छ । मानिसमा इमान र निष्ठा हराउँदै जानुको परिणामलाई सङ्केत गरिएको छ । व्यक्तिका जीवनमा आएको बदलाव र तुजूकप्रति गहिरो प्रहार गरिएको पाइन्छ । न्यायालयलाई पनि विकृतिले ढाकेको कुराको सङ्केत यसरी गरिएको पाइन्छ :

ठुलै मानिस बसेको छ रे कुर्सीमा साधुको भेषमा
आज फैसला हुँदै छ रे सक्कली र नक्कली केसमा
के आउला र सही फैसला हेर्दै जाऔँ साथीहरू
समातिएका सुन जति एक रातमा पितल हुने देशमा । (पृ. ४९)

देशमा सुशासन र इमान नभएको कुराको छनक प्रस्तुत भएको पाइन्छ । न्यायालयमा समेत इमान हराएकाहरूको बोलबाला रहेको कुरालाई कटाक्षपूर्ण शैलीमा प्रहार गरिएको छ । राज्यका तहबाट नै करतुत लुकाउने प्रवृत्ति रहेकोमा सशक्त प्रहार गरिएको छ । सुन तस्करीमा लाग्ने अनि रातारात सुनलाई पितल घोषणा गरेर कुम्ल्याउनेप्रति उपहासपूर्ण शैलीमा छेड हान्ने काम गरिएको छ । लोकतान्त्रिक गणतन्त्रमा जनता पिसिएको मर्मलाई यसरी प्रस्तुत गरिएको छ :

अपराधी जतिलाई माफ देऊ र छुटाऊ सरकार
कर्मचारीलाई प्रयोग गरेर घुस उठाऊ सरकार
लुट जति सक्छौ लुट नेतालाई छुट छ
विचरा जनतालाई सकेसम्म रुवाऊ सरकार । (पृ. ५०)

व्याजस्तुतिमय शैलीमा देशमा भएका विकृतिमाथि निर्मम प्रहार गरिएको छ । सरकार नै अपराधीको संरक्षक हुनु, कर्मचारीहरू घुस खानमै व्यस्त रहनु, जताततै लुटतन्त्र देखिनुले जनता आजित बनेको मर्मका साथमा विकृतिमाथि निर्मम प्रहार गर्ने काम गरिएको पाइन्छ । जनतालाई राहत दिनुको सट्टा सरकारले नै आहत दिएकोप्रति सशक्त विमति प्रकट भएको पाइन्छ ।

वर्तमानको कहालीलाग्दो अवस्थालाई झल्काई पद र प्रतिष्ठा भएकाहरूले राज्य दोहन गरेको कुरालाई सङ्केत गरिएको छ । कर्मचारी र नेताहरूका व्यवहारप्रतिको आक्रोसका साथमा गम्भीर कटाक्ष व्यक्त भएको छ । भूकम्पले दिएको पीडा र चुनौती तथा जीवनवादी चिन्तन पनि व्यक्त भएको पाइन्छ । यी मुक्तकहरूमा व्यक्ति तथा समाजमा सुधार र परिष्कारको भाव पनि मुखरित भएको पाइन्छ । सघन तथा खँदिलो विचार, अनुप्रास योजना, विद्युतीय झड्का उत्पन्न गर्ने खालको शैलीका कारण यस सङ्ग्रहका मुक्तकहरू प्रभावकारी देखिन्छन् । सबैखाले विकृतिप्रति मर्ममा पुग्ने गरी प्रहार गर्नुका साथै सुधार र निर्माणका स्वरहरू पनि मुखरित भएको पाइन्छ । व्यङ्ग्यात्मकताका दृष्टिले कविताहरू सशक्त रहेको पाइन्छ ।

**लामा कवितामा निहित व्यङ्ग्य**

यस सङ्ग्रहभित्र लामा कविता शीर्षकमा तेह्रवटा कविताहरू समेटिएका छन् । यी कविताहरू संरचनागत दृष्टिले फुटकर कविताको स्वरूपमा रहेको मान्नुपर्दछ । विचारको प्रवाहका साथमा जीवनका सङ्गति र विसङ्गतिको यथार्थ चित्रण गरिएको पाइन्छ । मुक्त वा गद्यलयको संयोजनसँगै अन्तरसाङ्गीतिक लय चेतनातर्फ कवि सचेत रहेको पाइन्छ । कविताको प्रस्तुतिलाई हेर्दा दुईदेखि पाँच पृष्ठमा कविताहरू संरचित देखिन्छन् । अघिल्ला कविताहरूका तुलनामा यस खण्डका कवितामा कवि फैलिन पुगेको देखिन्छ । प्रकृति, प्रेम, सौन्दर्य, जीवनबोध र मानवीय अस्तित्वका भावहरू यी कवितामा समेटिएको पाइन्छ । यस शीर्षकसम्बद्ध कवितामा पनि व्यङ्ग्य सशक्त रूपमा आएको पाइन्छ ।

निर्जीव वस्तुलाई पनि मानवीकरण गरी मानवीय प्रवृत्तिमाथि कटाक्ष गर्ने काम गरिएको छ । समाजका अग्रज मानिएकाहरू र उच्च पदमा बसेकाहरूप्रति नै आम जनताको विश्वास खस्किँदै गएको अवस्थाको चिरफार कवितामा गरिएको छ । सारमा मानवीय आडम्बर र अहंप्रतिको कटाक्ष यी कवितामा व्यक्त भएको पाइन्छ । सूक्ष्म चिन्तन र तार्किक शैलीमा मानवीय अस्तित्वमाथि प्रश्न उठाइएको छ । समाजका मक्किएका प्रवृत्तिको झाँको झार्नुका साथै सुधार र परिष्कार चेतना पनि सशक्त रूपमा व्यक्त भएको देखिन्छ । 'हामी नाटक खेलिरहेछौँ' शीर्षकको कवितामा मानवीय प्रवृत्तिलाई यसरी कटाक्ष गरिएको छ :

विश्वको रङ्गमञ्चमा हामी नाटक खेलिरहेका छौँ
हो हामी नाटकका कलाकारहरू हौँ
कहिले हामी अन्धाको अभिनय गर्छौं
र केही देख्दैनौँ वरिपरिका वास्तविकता
छामछाम छुमछुम गर्छौं र दर्शकलाई हँसाउँछौँ । (पृ. ५८)

मानिसले वास्तविकता कम र नाटक बढी देखाउने प्रवृत्तिप्रतिको कटाक्ष माथिका पंक्तिमा प्रस्तुत भएको पाइन्छ । वास्तविक चरित्रलाई लुकाएर नाटक गर्ने प्रवृत्तिले मानिसको प्रवृत्ति नै नाटक मञ्चन गर्नु रहेको कुरा उल्लेख गरिएको छ । आँखा भए पनि अन्धाको अभिनय गरेर जगलाई हँसाउने काम भइरहेको कुरालाई कटाक्षपूर्ण शैलीमा देखाइएको छ । सत्यलाई ढाकछोप गरेर नाटक गर्ने प्रवृत्तिप्रतिको विरोध सशक्त रहेको पाइन्छ ।

मानवीय सत्तामाथिको व्यङ्ग्य 'ढुङ्गा यसो भन्छ' शीर्षकको कवितामा पाइन्छ । मानिसले आफ्नो पहिचान गुमाएको यथार्थलाई उक्त कवितामा प्रकाश पारिएको छ । व्यङ्ग्यात्मक प्रस्तुतिका दृष्टिले प्रस्तुत

कविता सशक्त रहेको पाइन्छ । ढुङ्गालाई मानवीकरण गरी उसको कथनका माध्यमबाट मानवीय सत्तामाथि यसरी प्रहार गरिएको छ :

हामीलाई मान्छेको जस्तो मन चाहिँदैन
हामी हाम्रो आफ्नै मनमा सन्तुष्ट छौँ
मान्छेहरू आरोप लगाउँछन् -
ढुङ्गाको मन कठोर हुन्छ
ढुङ्गाको जस्तो कठोर मन हुनुहुँदैन
हो, हाम्रो मन कठोर हुन्छ
तर मान्छेले हाम्रो कठोर मन नचोरे हुन्थ्यो । (पृ. ६२)

मानिस र ढुङ्गाको मनलाई तुलना गरी मानिसहरूले हामीलाई आरोप लगाए पनि हाम्रो मन मानिसले नचोरे हुन्थ्यो भन्ने ढुङ्गाको कथनले मानवीय स्वभाव र प्रवृत्तिमाथि नै व्यङ्ग्य प्रहार भएको पाइन्छ । ढुङ्गाले आफ्नो परिचय नफेरेको तर मानिस भने छलकपट र ढोंग रच्न सिपालु भएको मर्मलाई व्यक्त गरिएको छ । ढुङ्गाको पहिचान ढुङ्गा नै रहेको मर्मलाई यसरी प्रस्तुत गरिएको पाइन्छ :

मान्छेको मन त जातभातमा बाँडिएको हुँदो रहेछ
मान्छेको मन धर्मको आधारमा विभक्त हुँदो रहेछ
मान्छेको मनमा क्षेत्रीय सीमारेखा कोरिएको हुँदो रहेछ
हामी त ढुङ्गा हौँ– हाम्रो कुनै छुट्टै जात हुँदैन
हामी त केवल ढुङ्गा हौँ– हाम्रो कुनै धर्म हुँदैन
हामी मात्र ढुङ्गा हौँ – हाम्रो कुनै क्षेत्र र सीमा हुँदैन । (पृ. ६३)

ढुङ्गाले आफ्नो पहिचान र स्वत्व नगुमाएको तर मानिसले विभाजनका सीमा रेखा कोरेर विभेद निम्त्याउने काम गरेको कुरालाई कटाक्षपूर्ण शैलीमा प्रहार गरिएको पाइन्छ । मानिसमाथिको गम्भीर प्रश्न खडा गरी धारिलो प्रहार गर्ने काम गरिएको छ । मानिसमा भएको विभेदकारी प्रवृत्तिलाई यसरी प्रहार गरिएको छ :

मान्छे जस्तो विभेदकारी ढुङ्गा हुँदैन
ढुङ्गाको कुनै छुट्टै नाता सम्बन्ध हुँदैन
ढुङ्गाको कुनैं व्यक्तिगत स्वार्थ र सपना हुँदैन
ढुङ्गाले सानो ठुलो कालो गोरोमा विश्वास गर्दैन
ढुङ्गा मान्छे जस्तो सत्तामुखी हुँदैन । (पृ. ६४)

निर्जीव ढुङ्गाका कथनद्वारा मानवीय चिन्तन र मनोवृत्तिलाई सघन रूपमा प्रहार गरिएको पाइन्छ । मानवीय सत्तालिप्सा र स्वार्थी प्रवृत्तिलाई खेदो खन्ने काम गरिएको छ । मानिसको संस्कारमा निहित जाति, रङ्ग र क्षेत्र भेदको मनोदशालाई पनि मिहिन रूपमा प्रहार गर्ने काम गरिएको छ । मानिसमा परिष्कारको आग्रह पनि कवितामा पाइन्छ ।

यस सङ्ग्रहका कवितामा मानवीय संवेदना सजीव रूपमा व्यक्त भएको पाइन्छ । काँडाका बिचमा पनि हाँसेर सुवास छर्ने गुलाफलाई हेरेर सङ्घर्ष र प्रतिकूलता माझमा अगाडि बढ्नु नै जीवनको सार रहेको मर्म प्रस्तुत भएको पाइन्छ । यी कवितामा वर्तमानको विद्रुप यथार्थको प्रस्तुति पाइन्छ । सरकार जनताको हो कि कसको हो भन्ने प्रश्न गरी उखु किसानको मर्म र पीडालाई समेट्नुले गरिब जनताप्रति सहानुभूति र शासकप्रति कटाक्ष गरिएको पाइन्छ । सोझा र निमुखा मानिसलाई बाँच्न गाह्रो भएको अवस्थाको प्रस्तुतिका साथमा व्यङ्ग्यविद्रोही स्वर सघन रूपमा व्यञ्जित भएको पाइन्छ । मानवीय स्वार्थ र सङ्कुचित विचारलाई 'प्रतिगामी' शीर्षकको कवितामा व्यङ्ग्य गरिएको पाइन्छ । मानवीय उदारता खुम्चिँदै गएको मर्मलाई यसरी प्रस्तुत गरिएको छ :

म हाम्रा कुरा गर्छु
तिमी मात्र तिम्रा कुरा गर्छौ
म मान्छेका कुरा गर्छु
तिमी मान्छेका जातका कुरा गर्छौ
म मानवताका कुरा गर्छु
तिमी धर्मका कुरा गर्छौ र निरपेक्षता फलाक्छौ (पृ. ६७)

बाहिर आदर्शका कुरा गर्ने तर भित्रभित्र सङ्कीर्णतालाई अँगाल्ने प्रवृत्तिप्रति निर्मम प्रहार गर्ने काम माथिको कवितांशमा गरिएको छ । समग्रमा मानव हित र कल्याणकारी भावनाको सञ्चार गराउने काम कविले गरेका छन् । एकअर्कामा विभेदको सीमा कोरेर समाजमा विखण्डन ल्याउनेहरूप्रतिको कटाक्ष सजीव बनेर आएको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहका कवितामा समय चेतनाका साथमा जीवनलाई हेर्ने सूक्ष्म चिन्तन देख्न सकिन्छ । 'म कस्तो कविता लेखूँ ?' शीर्षकको कवितामा वर्तमानको यथार्थलाई चित्रण गरी सशक्त रूपमा प्रहार गरिएको पाइन्छ । ढाँट, छल र कपटको राजनीतिले देश खोक्रो बन्दै गएको, युवाहरूको विदेश पलायन, नारीहरूको अस्मिता लुटिएका बेलामा कस्तो कविता लेखूँ भनी मर्ममा पुग्ने गरी प्रहार गरिएको छ । देशको वर्तमान अवस्थाप्रतिको असन्तुष्टि यी कवितामा व्यक्त भएको पाइन्छ ।

देशको सुन्दरताको कविता लेखूँ
या कुरूपताको कविता लेखूँ
यो सुन्दर पावन शान्त बुद्धभूमिमा बसेर
शान्तिको कविता लेखूँ
या डर त्रास र विरूप बन्दै गएको सिङ्गो राष्ट्रको कविता लेखूँ
म यतिबेला दोधारमा छु । (पृ. ७८)

देशको लगाम लिनेहरूलाई कुनै चिन्ता नभएको तर अवस्था विकराल बन्दै गएको यथार्थलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ । देशको कहालीलाग्दो विद्रुप यथार्थका साथमा सघन व्यङ्ग्य प्रहार गरिएको छ । केही कवितामा विद्रोही भावना पनि सशक्त बनेर आएको पाइन्छ ।

'निशाचर' शीर्षकको कवितामा ठुलाठुला निर्णयहरू रातमा नै हुनेगरेको यथार्थलाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरिएको पाइन्छ । कुत्सित स्वार्थका कारण दूरगामी असर गर्ने खालका निर्णय वा सन्धि सम्झौताहरू रातिमा गर्ने गरिएकोमा विमति प्रकट गरिएको छ । वर्तमान नेतृत्वप्रति कटाक्ष गरी राजनीतिमा स्वच्छताको आग्रह गरिएको पाइन्छ । वास्तवमा रातको समय निशाचरको हो तर नियत ठिक नभएकाहरू रातमा जागा रहन्छन्, संसार सुतेका बेला आफ्ना स्वार्थका खेल खेल्छन् भन्ने मर्मका साथमा कटाक्ष गरिएको छ । निशाचर नभई दिवाचरको खोजी कवितामा गरिएको पाइन्छ ।

धूर्त मान्छेहरू रातमा काम गर्न मन पराउँछन्

के भएको छ कुन्नि अचेल मेरो देशमा

उल्लु, चमेरो र स्यालको रजाइँ बढिरहेछ

दिनको सट्टा रातमा चलखेल चलिरहेछ

ठूलाठूला निर्णयहरू

ठूलाठूला सम्झौता र सन्धिहरू

निशाचरहरूबाट मध्य रातमा उद्घोष भइरहेछ । (पृ. ८०)

विकृति र विसङ्गतिलाई निर्मम रूपमा प्रहार गर्नु वनमाली निराकारको विशेषता नै रहेको देखिन्छ । देशलाई हित गर्ने काम गरेमा निशाचरको जस्तो रातिमा निर्णयहरू त हुने थिएनन् नि भन्ने मर्म कवितामा रहेको पाइन्छ ।

'गोली ठोकेर मारिदेऊ' कवितामा व्याजस्तुतिमय शैलीमा समाजका विकृतिप्रतिको तीव्र असन्तुष्टि व्यक्त भएको पाइन्छ । राजनीतिका उच्च पदस्थहरूले गरेका हत्या, हिंसा, बलात्कार, ठगी, आतङ्कप्रतिको सघन प्रहार कवितामा व्यक्त भएको पाइन्छ । छलकपट गरेर कालोलाई सेतो भन्न नजान्नेहरू समाजमा अपराधी मानिने प्रवृत्तिको कटाक्षपूर्ण प्रस्तुति भएको पाइन्छ । आफूलाई लाचार प्रस्तुत गरी विद्यमान विकृतिमाथि यसरी प्रहार गरिएको छ :

सरकार !

मैले भ्रष्टाचार गरेर अरबौं कमाउन सकिनँ

अपराधी छुटाउन मोटो रकम समाउन सकिनँ

भूकम्प पीडितको राहत कुम्ल्याउन सकिन

बाढीपीडितका लागि हेलिकप्टर चढ्न सकिनँ

जनतालाई कर लादेर आफ्नो सुबिधा बढाउन सकिनँ

मन्त्रीहरू किन्न सक्ने सिन्डिकेट चलाउन सकिनँ

बजारमा महङ्गी चर्काउने बिचौलिया दलाल बन्न सकिनँ । (पृ. ८५)

व्याजस्तुतिमय शैलीमा समाजमा भित्रिएका बेथिति र विसङ्गतिको नाङ्गेझार पार्ने काम उक्त कवितामा गरिएको छ । अहिले कर्मचारीहरू पनि इमानमा नरहेको यथार्थलाई प्रकाश पार्नु कविको उद्देश्य रहेको पाइन्छ । सबैतिर नैतिकता र आचार खस्किन गई इमानमा बस्नेहरू नै उपेक्षित हुनुपर्ने अवस्थाको मार्मिक चित्रण गर्नुले यस्तो परिस्थिति निम्त्याउनेहरूप्रति भित्र छुनेगरी प्रहार गरिएको छ ।

व्यङ्ग्यका दृष्टिले यिनका कविताहरू सशक्त रहेको पाइन्छ । 'सिद्धार्थ अहिले जन्मिए के हुन्थे ?' शीर्षकको कवितामा सघन व्यङ्ग्यका साथमा सामयिक चेतना प्रतिबिम्बित भएको पाइन्छ । आज जन्मेका भए सिद्धार्थ गौतम कुटिल स्वार्थका पछि लागेर सत्तारोहण गर्थे कि ? दुराचार, भ्रष्टाचारमा लागेर कलङ्कित हुन्थे कि ? विद्रुप र राक्षसी अनुहार लिई जनतालाई तर्साउँथे कि भनी प्रश्न प्रतिप्रश्न गर्नुले यी कवितामा सामयिक चेतना सशक्त रूपमा व्यक्त भएको पाइन्छ । आजका सबै मानिसले आफ्नो इमान गुमाएको मर्म कवितामा ध्वनित हुनुले निराकारका लेखनमा रहेको धारिलोपन रहेको कुरा स्पष्ट हुन्छ । आजको समाजले त्यागी र सत्मार्गी बुद्धलाई पनि जाली र कपटी बनाउने थियो भन्ने कुरा यसरी व्यक्त गरिएको छ :

सिद्धार्थ अहिले जन्मिए
के हुन्थे ?
बुद्ध या बुद्धू !
कुन पार्टीका कार्यकर्ता हुन्थे होलान्
कुन झण्डा बोकेर जुलुसमा लामबद्ध हुन्थे होलान्
लड्न त अवश्य लड्थे तिनी
किसानका निम्ति या जमिन्दारका निम्ति !
लड्न त अवश्य लड्थे तिनी
मजदूरका निम्ति या मिल मालिकका निम्ति !
साँच्चै यतिबेला सिद्धार्थ जन्मिए भने
कमजोर, पीडित, भोका नाङ्गा जनताका लागि लड्थे ! (पृ. ८८)

प्रस्तुत कवितामा समकालीन समयप्रतिको गम्भीर कटाक्ष व्यक्त भएको पाइन्छ । आजको समयमा जन्मेका भए बुद्धले त्यतिखेरका शील, आचार र निष्ठा पक्कै पनि कायम राख्न सक्ने थिएनन् भन्ने तर्क कविको रहेको पाइन्छ । धूर्त र बदमासीकै फलिफाप हुने आजको समयमा बुद्ध पनि पथभ्रष्ट हुन्थे भन्ने मर्मका साथमा व्यङ्ग्य प्रहार गरिएको छ । वर्तमान समयका मानिसको चरित्रलाई आरोप गरी समग्री प्रवृत्तिमाथि नै प्रहार गरिएको पाइन्छ ।

यस सङ्ग्रहका धेरैजसो कवितामा व्यङ्ग्यात्मक चेतना मुखरित भएको पाइन्छ । मूलतः व्याजस्तुतिमय शैलीमा मानवीय निकृष्टतालाई प्रहार गर्ने काम गरिएको छ । बिम्ब, प्रतीक र सङ्केतहरूका साथमा विषयको मर्मलाई प्रस्ट पार्ने काम गरिएको पाइन्छ । खास वस्तु र प्रवृत्तिलाई बिम्बका रूपमा चयन गरी बेथितिमाथि छेड हान्ने काम गरिएको छ । कवितामा विद्रोहको स्वर पनि सघन रूपमा आएको देखिन्छ । मानवीय प्रवृत्तिमा आएको स्खलनप्रतिको विमतिले विद्रोहको रूप लिन पुगेको देखिन्छ । वर्तमान समयमा झाँगिएको विसङ्गति र छलछामयुक्त व्यवहारप्रतिको खबरदारीका पृष्ठभूमिमा यी कविताहरूको सिर्जना भएकाले व्यङ्ग्य सशक्त बन्न गएको पाइन्छ ।

## निष्कर्ष

वनमाली निराकारको साधना क्षेत्र मूलतः आख्यान हो । कविता विधातर्फको कुरा गर्दा औपचारिक कार्यक्रमहरूमा कविता सुनाउने र फुटकर रूपमा प्रकाशित हुँदै आएको पनि देखिन्छ । यिनका कवितामा समय चेतनाका साथमा सुधारको आग्रह व्यक्त भएको पाइन्छ । विचारलाई सूक्ष्म आयाममा प्रस्तुत गर्ने कला पनि

विशिष्ट प्रकृतिको पाइन्छ । निकै सूक्ष्मदेखि क्रमशः स्थूल संरचनाका कविताको सिर्जना पनि यस सङ्ग्रहको वैशिष्ट्य हो । यिनका कविताहरू गद्यात्मक शैलीमा रचिएका छन् । गद्यलयमा साङ्गीतिक प्रवाह ल्याउने कला पनि उत्तिकै सबल रहेको पाइन्छ । सामाजिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रका विकृति, विसङ्गतिप्रतिको निर्मम कटाक्ष यिनका कविताको प्रवृत्ति र प्राप्ति हो । सूत्रात्मक अभिव्यक्ति, प्रखर खालको शैली, प्रेमिल भाव र सौन्दर्यप्रतिको मोह यिनका कविताको धनात्मक पक्ष रहेको पाइन्छ । मानवीय प्रवृत्तिलाई प्रहार गर्न मानवेतर वस्तु र प्रसङ्गलाई उल्लेख गरिनुले बिम्ब र प्रतीक संयोजन पनि सार्थक रहेको पाइन्छ । समाजमा देखिएका नकारात्मक कुराप्रतिको सशक्त विमति कवितामा व्यक्त भएको पाइन्छ । सघन तथा खँदिलो विचार, विद्युतीय झड्का उत्पन्न गर्ने खालको शैलीले भनाइलाई तीव्रता दिएको पाइन्छ । प्रचलित सूक्तिमय पंक्ति तथा भोगाइमा खारिएका पद, पदावलीको प्रयोगले अभिव्यक्तिमा जीवन्तता थपेको पाइन्छ । व्याजस्तुतिमय शैलीमा मानवीय छुद्रता र निकृष्टतालाई उधिन्ने काम गरिएकाले व्यङ्ग्य पक्ष सबल बन्न गएको छ । बिम्ब, प्रतीक र अनुप्रासयुक्त भाषाशैलीमा विचारलाई प्रस्तुत गरिएको पाइन्छ । लघु संरचनादेखि आयामगत विस्तारसँगै व्यङ्ग्यको क्षेत्र पनि सशक्त बन्दै गएको पाइन्छ ।

वनमाली निराकारका कविताको केन्द्रमा व्यङ्ग्यात्मकता रहेको छ । समाजमा रहेका अराजकता र विसङ्गतिप्रति प्रहार गर्दा विद्रोही चेतना पनि सशक्त बनेको पाइन्छ । कवितामा प्रकृति र जीवनका विविध सन्दर्भहरू जोडिन आएका छन् । प्रेम, शृङ्गारिकता र दाम्पत्य जीवनका झलकहरू पनि प्रस्तुत भएको पाइन्छ । मानिस नै सबै कुराको समस्या बनेको र मानिसभित्रै समाधानको बाटो रहेको मर्म पनि कवितामा व्यक्त भएको पाइन्छ । मानवीय यथार्थ प्रवृत्तिलाई झल्काई सुधारको आग्रह गरिएकाले कवितामा विकृतिमाथि प्रहारका साथमा परिष्कार चेतना व्यक्त गरिएको पाइन्छ । समयबोधका साथमा जीवनलाई हेर्ने र खराब प्रवृत्तिको झेको झार्ने काम यी कवितामा गरिएकाले निराकारका कवितामा व्यङ्ग्य प्रभावशाली बनेको पाइन्छ ।

## सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद (२०४९). *साहित्यप्रकाश* पाँचौं संस्क.. साझाप्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). *सान्दर्भिक समालोचना* दोस्रो संस्क.. भुँडीपुराण प्रकाशन ।

निराकार, वनमाली (२०८०). *मान्छेका रङहरू*.. अर्चना शर्मा विष्ट/आरतीशर्मा आचार्य ।

पन्थ, टंक (२०७३). 'चोलेश्वर शर्माका निबन्धमा निहित व्यङ्ग्य चेतना' *प्रज्ञान*. पाल्पा साहित्यविशेषाङ्क. (वर्ष ४, अङ्क ३). त्रिभुवन बहुमुखी क्याम्पस, नेपाली विभाग ।

प्रभात, विष्णु सम्पा. (२०७०). *हास्यव्यङ्ग्य विमर्श.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, घटराज (२०५४). *खोजखाज.* साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद सम्पा. (२०७६) *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* दोस्रो संस्क.. रत्न पुस्तकभण्डार ।

सुवेदी, राजेन्द्र र शर्मा, हीरामणि सम्पा. (२०४७). *नेपाली हास्यव्यङ्ग्य निबन्ध.* साझा प्रकाशन ।